# पन्ध्रौं गाउँसभामा प्रस्तुत गरिएको
# नीति,योजना तथा कार्यक्रम
# आर्थिक वर्ष २०८१।८२



## सिरीजङ्घा गाउँपालिका
### तेल्लोक ताप्लेजुङ,कोशी प्रदेश नेपाल

Scanned with CamScanner

सिरीजङ्गा गाउँपालिकाको आ.व २०८१।०८२ को नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्ष ज्यू,

श्री गाउँसाभा सदस्य सचिव ज्यू,

श्री सम्पूर्ण वडा अध्यक्षज्यूहरु,सम्पूर्ण कार्यपालिका सदस्यज्यूहरु,

श्री सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु,

विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्यूहरु,

सुरक्षाकर्मी,पत्रकार लगायत उपस्थीत सम्पर्ण सवै सिरीजङ्गा वासीहरु,

सिरीजङ्गा गाउँपालिकाको पन्ध्रौं गाउँसभा समक्ष आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्तित भएको छु।यस महत्वपूर्ण घडिमा नेपालको विगतको इतिहासमा संचालित जनयुद्ध तथा विभिन्न राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।साथै राष्ट्रियता,स्वाधीनता,सामाजिक न्याय,समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्श गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु ।आवाधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो ।निर्वाचित जनप्रतिनीधिहरु बाट जनअपेक्षा अनुसारको शासन,पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै संघीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु ।यसैलाइ हामिले “गाउँगाउँमा सिंहदरवार” पुर्याउने अभियान भनेका छौ ।यसै सन्दर्भमा आजको गाउँसभामा हामी सिरीजङ्गा गाउँपालिकाले प्रभावकारी विकासका लागी आगामी आर्थिक वर्ष २०८१।८२ मा लिनुपर्ने नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु,**

अव म सिरीजङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम अन्तर्गत क्षेत्र गत रुपमा लिइएको नीति प्रस्तुत गर्दछु ।

आर्थिक विकास तर्फः-

**कृषि तथा पशुपंक्षी विकास**

Scanned with CamScanner

Scanned with CamScanner

१. सिरीजङ्घा गाउँपालिकामा उत्पादित फलफुलहरुलाई प्रसोधन गरी जुस उत्पादन गर्न आर्थिक वर्ष २०८०।८१ मा तयार भएको विस्तृत परियोजना प्रस्ताव अनुसारको रकम विनियोजन गरी सार्वजनिक निजि साझेदारी (Public Private Partnership) मार्फत फलफूल जुस उत्पादन कम्पनीको निर्माण कार्यलाई अगाडि वढाइनेछ। यसका लागी कम्पनीलाई आवश्यक पर्ने कच्चापदार्थहरुको आपूर्ति गर्न फलफूलहरुको विस्तारलाई प्रभावकारी बनाउने गरि किविको विरुवा नर्सरी/वेर्ना उत्पादन गर्ने सोचका साथ विगत देखी नै सञ्चालनमा ल्याइएको "सिरीजङ्घाको सान, उद्यमशील किसान" कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२. उक्त कम्पनी संचालन गर्नको लागी आवश्यक ऐन तथा नियमावली तयार गर्न व्यवस्था मिलाइनेछ।

३. व्यवसायिक कृषि पेशा अवलम्वन गर्न इच्छुक रहेका सम्पूर्ण कृषकहरुलाई आकर्षित गर्न माटो सुधार कार्यक्रमलाई व्यवस्थित गर्न आर्थिक वर्ष २०८०।८१ मा गाउँपालिकाको वडा नं ४ तेल्लोक परिसर भित्रै माटो परीक्षण ल्यावको स्थापना गरिएकोमा उक्त ल्यावको सेवालाई प्रभावकारी रुपमा विस्तार गरिनेछ ।

४. गाउँपालिका केन्द्रमा भेटेरिनरी अस्पताल स्थापना गरि घरपालुवा एवं पशुधनको उपचारको पशु घुम्ती शिवरलाई समेत संचालन गर्न आवश्यक पहल गरिनेछ ।

५. मौसम अनुसारका तरकारी वालि, फलफूल, डाले घाँसका बिऊ, विरुवा तथा नर्सरी गरि नि:शुल्क रुपमा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

६. कृषि वाली तथा पशुपंक्षीमा हुने हानी/नोक्सानी कम गर्न रोगकिरा तथा सूक्ष्म / खाद्यतत्व व्यवस्थापन कार्यलाई समयानुकुल वनाई नि:शुल्क वितरण गरिनेछ ।जसमा महामारी रोकथाम गर्न खोपकार्यक्रम संचालनलका लागि औषधी तथा खोपको समयमै पहुँच पुर्याउन आवश्यक जनशक्ति परिचालन गरिनेछ ।

७. आर्गनिक कृषि उत्पादनलाई प्रोत्साहन गर्नका लागी विभिन्न स्थानहरुमा संचालन गरिएका कृषि अनुसन्धान केन्द्रहरुको अवलोकन गरि अध्ययन अनुसन्धान कार्य गरिनेछ।

८. गाउँपलिकामा कृषि पेशा अवलम्वन गरेका कृषकहरुवाट छनौट गरी भएका मध्ये उत्कृष्ठ कृषकहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

गाउँसभाका सदस्य ज्यूहरु:

## पर्यटन

९. उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा यस गाउँपालिकालाई विश्वमै चिनाउनका लागि गाउँपालिकाको प्रमुख दृष्टिकोणको रुपमा तय गरिएको "सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा" नामक अभियानलाई सार्थकता तुल्याउन नेपाल सरकारसँगको लागत साझेदारीमा निर्माण सुरु भएको याम्फुदिनको आम्जी खोलाबाट नयाँ झोरेनी, तुप्लुङ, दुन्दुडाँडा, नगर्चा, चैराम हुँदै कञ्चनजङ्घा बेस क्याम्प (KBC) सम्म जाने साहसिक पदमार्ग निर्माण आयोजनालाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा निरन्तरता दिइनेछ।

साथै "सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा" नामक प्रमुख दृष्टिकोणलाई अझ व्यापकता दिनका लागि आन्तरिक र वाह्य पर्यटकलाई आकर्षण गर्न गन्तव्यलाई सरल तथा सहज बनाई त्यहाँको स्थानीय मौलिकता प्रदान गर्ने उद्वेश्यका साथ गाँउपालिकाले आर्थिक वर्ष २०८०।८१ मा गरिएको अध्ययन प्रतिवेदन अनुसार साहसिक पदमार्गको विभिन्न स्थानमा कम्तिमा २ वटा होमस्टे स्थापना गर्नको लागी होमस्टे व्यवसायिहरुसँग साझेदारीमा होमस्टे स्थापना गर्नको लागी आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१०. "सिरीजङ्घाको गौरव, कंचनजङ्घा" नारालाई सार्थकता, प्रचार प्रसार गर्न आवश्यक रचनात्मक पहल गरिनेछ ।

११. सिरीजङ्घा गाउँपालिकाको क्षेत्र समेत छुने एशियाकै पवित्र तिर्थस्थल पाथिभरा क्षेत्रलाई समेत प्रवर्द्धन गर्ने गरी आवश्यक पर्यटकीय गतिविधि र पूर्वाधार विकासका कार्यहरु संचालनमा ल्याइनेछ ।

१२. नेपालको पहिलो तथा एकमात्र लिम्वु संग्रहालय समेतलाई एकीकृत गरी मुन्धुम पर्यटन पार्कको निर्माण गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरी निर्माणको लागी आवश्यक पहल गरिनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु:

## लघु उधम स्थापना, रोजगारी सिर्जना र गरिबि निवारण

Scanned with CamScanner

Scanned with CamScanner

१३. गत वर्षदेखी नै सञ्चालनमा ल्याइएको **"गाउँमै रोजगार, गर्वको आधार"** नामक कार्यक्रमलाई निरन्तरता दिइनेछ। वैदेशिक रोजगारबाट फर्केका स्थानीय युवा, कोभिड १९ बाट संक्रमित न्यून आय भएका,महिला,दलित,सिमान्तकृत,अल्पसंख्यक एवम् सुकुम्वासी परिवारलाई यस कार्यक्रमबाट उद्यम सञ्चालनमा विशेष सुविधा उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

१४. सिरीजङ्घा गाउँपालिकाको रोजगार संवाद मञ्च र रोजगार रणनीति तर्जुमा गरी स्थानीय तहमा रहेका श्रम, सीप, पुंजी र क्षमतालाई विकास गर्नका लागि उद्यमशीलता र रोजगार दाताको तथ्याङ्क संकलन र विश्लेषण गरी श्रम बजारमा अवसरको पहिचान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१५. स्थानीय तहबाटै नागरिकलाई व्यवसायिक सीप विकास, उत्पादनमूलक रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन, रोजगारीमा पदस्थापना, स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई परामर्श सेवा, वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको श्रम स्वीकृति सेवा, सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुनर्स्थापना तथा पुन: एकिकरण लगायतका सेवाको व्यवस्था गरी सेवा केन्द्रलाई एकिकृत श्रम र रोजगारमुलक सेवा केन्द्रको रूपमा विकास गर्न गाउँपालिकाबाट साझेदारि मार्फत कार्यक्रम संचालन गरिनेछ । यसै अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा प्राप्त हुने संघीय सरकार अनुदानमा गाउँपालिकाबाट आवश्यक बजेट व्यवस्था गरि साझेदारी मार्फत योजनाहरु संचालन गरि रोजगारी श्रृजना गरिनेछ ।

१६. सिरीजङ्घा गाउँपालिका भित्र स्थानीय स्रोत साधनहरुको उच्चतम उपयोग हुनेगरि स्थानीय स्तरमा उत्पादन गर्न सकिने वस्तुहरुलाई प्रवर्द्धन गर्नका लागि उद्यमशिलता विकास सम्वन्धी तालिम सञ्चालन गर्न साझेदारी कार्यक्रम संचालन गरिनेछ ।साथै गाउँपालिकामा आयोजना हुने कार्यक्रम तथा सभा समारोहमा प्रयोग गरिने आतित्थ्यताका सामाग्रीहरुमा स्थानिय उत्पादनहरुलाई प्रयोग गरिने नीति लिइनेछ ।

१७. घरेलु तथा साना उद्दोगहरुको स्तरउन्नति गरी रोजगारी श्रृजना गर्न साझेदारी मार्फत कार्यक्रम संचलन गरिनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

## भूमी व्यवस्था, वाणिज्य र सहकारी

१८. आगामी आर्थिक वर्षमा मालपोत तथा नापी कार्यालयले उपलब्ध गराउने सेवालाई स्थानीय तह मार्फत सेवा प्रवाह गर्नको लागी आवश्यक पहल गरिनेछ ।

१९. गाउँपालिका क्षेत्रभित्रका सवै प्रकृतिका सहकारी संस्थाहरुलाई गाउँपालिकामा आवद्ध गराई संस्थाको पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकासका लागि, सहकारी लेखापालन, सहकारी व्यवस्थापन, नेतृत्व विकास, आय आर्जन र सवै सहकारीलाई विघुतीय माध्यमबाट प्रतिवेदन गर्न Copomis (सहकारी गरीवि व्यवस्थापन सुचना प्रणाली) मा आवद्ध गर्न आवश्यक व्यवस्था र तालिम सञ्चालन गरिनेछ ।

२०. सहकारी ऐन तथा नियमावलीमा भएको व्यवस्था वमोजिम सहकारीहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

२१. गाउँपालिका क्षेत्रभित्र सञ्चालित कृषि सहकारी संस्था मार्फत स्थानीय उत्पादनको प्रवर्द्धन गरी रोजगारी र आयआर्जन बृद्धिमा जोड दिईनेछ । सहकारी मार्फत जनताको जिवनस्तर सुधार गर्न सहकारीको समुचित व्यवस्थापन गरी उत्पादित वस्तुको वजारीकरणमा जोड दिईनेछ ।

२२. नियमित रुपमा वजार अनुगमन गर्न संयन्त्रको गठन गरी कार्य अगाडि वढाइनेछ । यसका लागी गाउँकार्यपालिकाको सुरक्षा जनशक्तिसमेतलाई परिचालन गरिनेछ ।

२३. सिरिजङ्घा गाउँपालिकाको केन्द्र तेल्लोकमा स्थानीय उत्पादनको बजारीकरण तथा स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सासाहिक रुपमा हाट वजार संचालन गर्न आवश्यक पहल गरिनेछ ।

२४. सिरीजङ्घा गाउँपालिकाको अधिकार क्षेत्र भित्र रहेका स्थानीय सडकहरुको पहिचान गर्ने, उक्त सडकहरुको नामाकरण गरी लगत कट्टा गर्ने र नागरिकहरुले भुक्तानी गरिरहेका अनावश्यक भुमिकरको दरलाई कम गर्न आवश्यक कार्य अगाडी वढाइने छ।

गाउँसभाका सदस्य ज्यूहरु

Scanned with CamScanner

Scanned with CamScanner

## सामाजिक विकास तर्फः

### शिक्षा

२५. गत वर्षदेखी नै सञ्चालनमा ल्याइएको "निःशुल्क शिक्षा, हामी सबैको इच्छा" कार्यक्रमलाई व्यवस्थित एवं परिस्कृत रुपमा निरन्तरता दिइनेछ। यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ ।

(क) गाउँपालिका क्षेत्रभित्रका प्रत्येक सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाइने छ ।

(ख) गाउँपालिका क्षेत्रभित्र ८ वटै वडाभित्रका सामुदायिक विद्यालयहरु मध्येवाट प्रत्येक वर्षको एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एक छात्रा र एक छात्र गरी जम्मा २ जना विद्यार्थीहरुलाई प्राविधिक वा अप्राविधिक विधामा प्रवीणता प्रमाणपत्र वा सो सरहको शिक्षामा निःशुल्क छात्रवृत्ति कार्यक्रमलाई उपलब्ध गराइनेछ ।

(ग) गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने सबै विद्यार्थीहरुको पोशाकमा क्रमशः एकरुपता कायम गर्न एवम् सामुदायिक विद्यालयहरुमा विद्यार्थी भर्नादर समेत अभिवृद्धि गर्ने मुल अभिप्रायका साथ कक्षा १ देखी कक्षा ५ सम्म अध्ययन गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई पोशाक र स्कुल व्याग निःशुल्क वितरण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

(घ) विभिन्न विधा मार्फत गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ स्थापित शैक्षिक कार्यसम्पादन प्रोत्साहन कोषलाई निरन्तरता दिइनेछ।

(ङ) विद्यार्थीहरु विच प्रतिष्पर्धाको भावना अभिवृद्धि गर्न प्रत्येक वर्षको एस.ई.ई. परीक्षा र कक्षा ८ को वार्षिक परीक्षामा सर्वोत्कृष्ट GPA ल्याउने एक/एक जना छात्र/छात्रालाई उचित पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइनेछ।

(च) स्थानीय लिम्वु समुदायको भाषा र लिपी संरक्षणका लागि इच्छुक विद्यार्थीहरुलाई लक्षित गरी स्वीकृत कार्यविधि बमोजिम प्रत्येक वडाभित्रका सामुदायिक विद्यालय मार्फत लिम्वु भाषा र लिपी संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

Scanned with CamScanner

Scanned with CamScanner

यसका लागी गाउँपालिकाको स्थानीय पाठ्यक्रम तर्जुमा गर्दाका वखत उक्त भाषा र लिपीलाई अझ संस्थागत गर्दै जाने व्यवस्था मिलाइनेछ।

(छ) विद्यालय शैक्षिक सुशासन कायम गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न साथै स्पष्ट शैक्षिक तथ्याङ्क अद्यावधिक गर्न विद्यालय स्तरमै पुगी विद्यालयको विविध पक्षको अनुगमन तथा निरिक्षण गर्ने कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ।

(ज) यस गाउँपालिका क्षेत्रभित्रका माध्यमिक विद्यालयहरुमा सेवा करारमा कार्यविधि अनुसार कम्प्युटर शिक्षकहरुको व्यवस्था गरि सूचना प्रविधिसँग आवद्धता गर्ने कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ ।

२६. स्वीकृत दरवन्दी भित्रका प्रारम्भिक वाल विकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मासिक पारिश्रमिकमा नपुग हुन आउने रकम गाउँपालिकाको कोषबाट उपलब्ध गराउने व्यवस्था साविकका वर्षहरूमा जस्तै आगामी वर्ष पनि निरन्तरता दिइनेछ ।

२७. वढ्दो वसाईसराई दर, घट्दो जन्मदर र अभिभावकहरुको निजी विद्यालयप्रतिको आकर्षणले सामूदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून भएका कारण धेरै विद्यालयहरु वन्द हुने अवस्थामा रहेका छन।यो अवस्थालाई मध्यनजर गर्दै गाउँपालिका क्षेत्रका विद्यालयहरूको गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाःको सामाजिक विकाश शाखा, शिक्षा समितिबाट त्रैमासिक रुपमा अनुगमन गरिं प्रतिवेदनको कार्यपालिका बैठमा समीक्षा गर्ने व्यवस्था मिलाइनेछ।

साथै आगामी आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र सम्पूर्ण विद्यालयहरुको अनुगमन/मूल्यांकन गरी विद्यालयहरुको मर्जर तथा स्तर घटुवा गर्ने कार्यलाई अगाडि वढाउने नीति लिइनेछ ।

२८. वढ्दो वसाईसराई दर, घट्दो जन्मदर र अभिभावकहरुको निजी विद्यालयप्रतिको आकर्षणले सामूदायिक विद्यालयहरुमा विद्यार्थी संख्या न्यून भर्ना दर हुने कार्यलाई कम गर्न ऐन तथा नियमावली मार्फत नवजात शिशुहरुको उज्जवल भविष्यको लागी विऊ पुँजिको रुपमा कम्तिमा १५ वर्षसम्म कोष खडा गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ । साथै यस गाउँपालिमा वसाई सराई गरी आउने

Scanned with CamScanner

Scanned with CamScanner

र सामुदायिक विद्यालयमा छोरा छोरीलाई भर्ना गराइ पठनपाठन गराउने परिवारलाई निःशुल्क घटना दर्ता तथा उचित पुरस्कारको व्यवस्था मिलाइनेछ।

२९. शैक्षिक क्षेत्रमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न मोडयुलमा लेखापालन,जिन्सी व्यवस्थापन,सूचना प्रविधिमा आधारित तालिमहरुको संचालन गरिनेछ ।

३०. गाउँपालिकाको समग्र शैक्षिक अवस्था झल्कने गरी शैक्षिक प्रोफाइल तथा गाउँ शिक्षा योजना तयार गर्ने कार्य अगाडी बढाइनेछ ।

३१. आधारभूत शिक्षा उत्तीर्ण(कक्षा ८) परिक्षालाई व्यवस्थित, मर्यादित तथा गुणस्तरियता कायम गर्न परिक्षा केन्द्रलाई केन्द्रिकृत गरि वार्षिक परिक्षा संचालन गरिनेछ।उक्त परिक्षामा प्राप्त परिणामको मूल्यांकन गर्दै एक विद्यालय र एक शिक्षकलाई सम्मान तथा पुरस्कारको व्यवस्था गरिनेछ ।

३२. विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत संघीय शसर्त अनुदान वापत विद्यालयहरुले पाउने मसलन्द खर्चमा शतप्रतिशत थप बजेट व्यवस्थापन गरिनेछ ।

३३. स्थानीय पाठ्यपुस्तक तयार गरि पठनपाठन गर्ने कार्य अगाडी बढाइनेछ ।

३४. विपद्का कारण क्षति पुगेका सामुदायिक विद्यालयहरुको पुनःनिर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

## युवा तथा खेलकूद,कला साहित्य र मनोरञ्जन

३५. खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि अन्तर्गत सबै वडाहरुमा युवा एवं खेलकुद क्लब गठन गरि खेलकुद, विपद् व्यवस्थापन एवं स्वयमसेवी र सामाजिक जागरण अभियानमा युवाहरुलाई परिचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

३६. समग्र खेलकूद क्षेत्रको विकास र विस्तारका लागि विभिन्न संघ/संस्थाको आयोजनामा सञ्चालन हुने खेलकूद सम्वन्धी गतिविधिमा गाउँपालिकाको तर्फवाट आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

३७. पालिका स्तरिय तथा अन्तरपालिका स्तरिय खेलकुद प्रतियोगिताहरुमा नतिजा हासिल हुने गरि खेलकुद प्रशिक्षक नियुक्त गरि प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

३८. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनका लागि मन्त्रालयवाट प्राप्त रकमले मात्र अपुग हुने भएकोले सो कार्यक्रम सफल पारी विद्यार्थीहरुको खेल प्रतिभा प्रष्फुटन गर्नका निम्ति गाउँपालिकाबाट थप वजेटको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

३९. सिरीजङ्घा गाउँपालिकाको आन्तरिक तथा वाह्य पर्यटन आकर्षण गर्नको लागी प्रथम सिरीजङ्घा महोत्सव को सुरुवात गरिनेछ ।

४०. गाउँपालिका भित्र रहेका प्राचिन कला, साहित्य, भाषा र संस्कृति, ऐतिहासिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन, विकासको लागी आवश्यक पहल गरिनेछ ।

४१. सिरीजङ्घा गाउँपालिका भित्र रहेका युवा, महिला, दलित, टोल विकास संस्थाका पदाधिकारी, कर्मचारी एवं जनप्रतिनिधीहरुको वाक क्षमता विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४२. गाउँपालिकामा रहेका खेलकुद कार्यहरु संचालन गर्न,अभ्यास तथा प्रतिभालाई अझ स्तरउन्नति गर्न Multipurpose Indoor खेलकुद स्थानको निर्माणको लागी आवश्यक पहल गरिनेछ ।

## अपाङ्ग, महिला तथा वालवालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत,अल्पसंख्यक

४३. लैङ्गिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ। उक्त कोषमा संघ, प्रदेशवाट प्राप्तहुने रकमका अतिरिक्त सिरीजङ्घा गाउँपालिकाबाट प्रत्येक वर्ष आवश्यक रकम विनियोजन गरिनेछ, उक्त कोष लैङ्गिक हिंसा पिडितलाई तत्काल उद्धार, राहत, कानूनी सहायता प्रदान गर्न,पुन स्थापना गराउन प्रयोग गरिनेछ साथै कोषलाई हिंसा पिडित महिला, वालवालिकाहरुलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

४४. किशोर किशोरीहरुसँग सम्बन्धित वालविवाह, वहुविवाह, यौनजन्य दुर्यव्यवहार, वाल श्रमशोषण, छुवाछुत तथा भेदभाव, लागु औषधी, दुर्व्यसनी, शारिरीक तथा मानसिक हिंसा जस्ता सामाजिक कूरीतिको निराकरणको लागि समुदायसँगको सहकार्यमा आवश्यक कार्य संचालन गरिनेछ ।

४५. दलित, सिमान्तकृत एवं अल्पसंख्यक समुदायहरुको जीविकोपार्जन, आय आर्जन तथा जीवनस्तर उकास्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. सिरीजङ्घा गाउँपालिका तथा अन्तर्गतका विभिन्न निकायका संरचना निर्माण गर्दा बालमैत्री एवम् अपाङ्गता मैत्री संरचना निर्माण गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरुको सिप तथा क्षमता विकास गरी सहज जीविकोपार्जनको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ।

४७. सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र अपाङ्गता भएका नागरिकहरुलाई कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय,अन्तराष्ट्रिय संघ संस्थाहरुसँग कार्यक्रम तथा वजेट साझेदारी गरी अपाङ्गता भएका सम्पूर्ण नागरिकहरुलाई आवश्यक सामाग्रीहरु उपलव्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४८. आगामी आर्थिक वर्षमा सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र बसोवास गर्ने जेष्ठ नागरिकहरुलाई कार्यविधि निर्माण गरी सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।

४९. सिरीजङ्घा गाउँपालिकाको ७२ वटै टोलमा बालक्लव तथा वाल सञ्जाल गठन गरिनेछ। उक्त वालक्लव मार्फत वालवालिकामा रहेका प्रतिभा उजागर गर्ने, नेतृत्व क्षमताको विकास गर्ने, नमूना गाउँसभा जस्ता कार्यक्रम गरी समाज र राष्ट्र प्रति वालवालिकाको मानसिकतामा सकरात्मक ऊर्जा दिने क्रियाकलापहरु संचालन गरिनेछ । बालमैत्री स्थानीय तहको अवधारणालाई सार्थक तुल्याउन आवश्यक व्यवस्था गर्न सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

५०. गाउँपालिका भरि रहेका आमा समुहहरुलाई गाउँपालिकाको अभिलेखमा दर्ता र नविकरण गर्दा लाग्ने दस्तुर पूर्ण रुपमा निशुल्क र महिलाहरुले व्यवसाय दर्ता गर्दा दर्ता शुल्कमा समेत सहुलियतको व्यवस्था गरी महिलामैत्री स्थानीय तहको अवधारणालाई सुरुवात गरि यसका अन्य क्षेत्र क्रमशः पहिचान गर्दै लगिनेछ ।

## स्वास्थ्य र सरुवा रोग रोकथाम तथा नियन्त्रण

Scanned with CamScanner
Scanned with CamScanner

५१. सरुवा रोग नियन्त्रणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

(क) प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोकमा कार्यरत चिकित्सकको तलबलाई सुरु तलबको शुरु स्केलको १०० प्रतिशतसम्मको रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउदै आइरहेकोमा यस व्यवस्थालाई निरन्तरता दिइनेछ।

(ख) गाउँपालिका केन्द्रमा सञ्चालनमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा पोष्टमार्टम सेवामा गाउँपालिका क्षेत्रभित्रका नागरिकका परिवारलाई निःशुल्क प्रदान गर्ने आवश्यक व्यवस्थालाई निरन्तरता दिइनेछ ।

५२. "म स्वस्थ, मेरो गाउँ स्वस्थ" अभियानलाई निरन्तरता दिइएको छ। यस अभियान अन्तर्गत देहाय बमोजिमका कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछः

(क) क्यान्सर लागेका, मुटुको शल्यक्रिया गर्नुपर्ने, मृगौलाको शल्यक्रिया वा डायलाइसिसका विरामी जस्ता कडा रोग लागि उपचार गराउन आर्थिक अभाव भएका स्थानीयवासीको स्वास्थ्योपचारमा केही रकम सहयोग गर्दै स्वास्थ्य सम्वन्धी प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक गतिविधि समेत सञ्चालन गर्ने उद्देश्यले स्थापित "नागरिक उपचार सहायता कोष" लाई नागरिक उपचार सहायता कोष परिचालन ऐन, २०७७ बमोजिम नै पारदर्शी तवरले सञ्चालन गर्ने गरी निरन्तरता दिइनेछ ।

(ख) चिकित्सक एवम् तोकिएको स्वास्थ्यकर्मीको सिफारिसमा ६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक, भिन्न क्षमता भएका व्यक्ति, एकल महिला र शहीद तथा वेपत्ता परिवारका सन्तती र सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई गाउँपालिकाबाट सञ्चालित ल्याव एवम् X-Ray सेवा वर्षको तीन पटक सम्म निःशुल्क गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

(ग) सिरीजङ्घा गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट अन्यत्र अस्पतालमा रेफर गरिने वाढी/पहिरो, चट्याङ जस्ता प्राकृतिक प्रकोपबाट घाइते स्थानीयबासी, ७० वर्ष माथिका ज्येष्ठ नागरिक, "क" वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका व्यक्ति, सामुदायिक महिला स्वास्थ्य स्वयंसेविका र सहिद तथा वेपत्ता पारिएका व्यक्तिको

Scanned with CamScanner

Scanned with CamScanner

एकासगोलका परिवारलाई गाउँपालिकाबाट सञ्चालनमा ल्याइएको एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ ।

(घ)मातृ तथा नवशिशु मृत्युदरलाई न्यूनिकरण गर्नको लागी "आमा तथा शिशु बचाऊ अभियान" कार्यक्रम संचालन गरि सम्पूर्ण गर्भवति महिलाहरुलाई स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेमा CEONC सेन्टर सम्म पुर्याउन गाउँपालिकाबाट सञ्चालनमा ल्याइएको एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ।

(ङ)चिकित्सा शिक्षा आयोगबाट सञ्चालन हुने MBBS अध्ययनको प्रवेश परीक्षा उत्तीर्ण गरी सिरीजङ्घा गाउँपालिकाको छात्रवृत्ति सम्बन्धी ऐन, २०७८ (संशोधन) अनुसार अध्ययन गरिरहेको विद्यार्थीको लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ।

(च)बर्थिङ सेण्टर स्थापना, ल्याब सेवा र शिविर सञ्चालनका लागि विनियोजित बजेटबाट रकम अपूग हुन गएमा नागरिक उपचार सहायता कोषमा रहेको रकम परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

(छ) यस गाउँपालिकाको वर्तमान अवस्थालाई मध्यनजनर गर्दै नेपालमा सरुवा रोग भन्दा नसर्ने रोगबाट वढी क्षति भएको देखिएको हुदाँ "बिरामीहरुको साहारा सिरीजङ्घा" जेष्ठ नागरिक, अपाङ्गहरुलाई स्वास्थ्यकर्मी परिचालन गरि प्रत्येक वडाको टोलमा ३/३ महिनाको फरकमा स्वास्थ्य शिविर सञ्चालन गरि उक्त शिविरमा पत्ता लागेको मुटु रोगी, उच्च रक्तचाप, मुधमेह, दमरोगका विरामीहरुलाई निःशुल्क औषधिको व्यवस्था मिलाइनेछ ।

(ज) सिरीजङ्घा गाउँपालिकाको भौगोलिक विकटतालाई मध्यनजर गर्दै आम सिरीजङ्घावासीहरुमा रहेको जटिल स्वास्थ्य समस्याको पहिचान गरी सबै वडाहरुमा अभियानको रुपमा एकीकृत वृहत स्वास्थ्य शिविर संचालन गरिनेछ ।

(झ) यस गाउँपालिका भित्र मातृ तथा नवशिशु मृत्युदरलाई शून्यमा ल्याउने उद्देश्यले एक वडा, एक बर्थिङ सेन्टर स्थापना भइसकेकोले **zero home delivery** अभियान कार्यक्रमलाई निरन्तरता दिदै संस्थागत सुत्केरी वढाउनलाई गाउँपालिका क्षेत्रभित्रका बर्थिङ सेन्टरमा सुत्करी गराए वापत एक मुष्ट रु. दुई हजार प्रोत्साहन साथै नेपाल सरकारको प्रोटोकल अनुसार ८ पटक ANC पुरा गरे वापत थप १००० रुपैयाँ दिने व्यवस्था मिलाईनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

(ञ) यस गाउँपालिका क्षेत्रभित्र स्वास्थ्य सेवाको पहुँच भन्दा टाढा रहेका नागरिकहरुलाई स्वास्थ्यकर्मी परिचालन गरि प्रत्येक वडाको टोलमा ३/३ महिनाको फरकमा क्षयरोग लक्षित वर्गलाई पहिचान गरि नमुना सङ्कलनलाई परीक्षणको दायरामा ल्याई उक्त रोग पत्ता लागेमा सबै स्वास्थ्य संस्थामा निःशुल्क उपचार व्यवस्था मिलाउने साथै प्राथमिक स्वास्थ्य केन्द्रको चिकित्सकको सिफारिसमा थप जिन स्पर्ट परीक्षण गर्नु परेमा इलामसम्मको यातायात खर्च वापत रकम नागरिक उपाचार सहायता कोषबाट उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

(ट)यस गाउँपालिका क्षेत्रमा कार्यरत महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाइ गर्न सिरीजङ्घा गाउँपालिको कार्यविधि अनुसार निरन्तरता दिइनेछ ।

(ठ) आगामी आर्थिक वर्षमा यस गाउँपालिका वडा नं ५ पेदाङ र वडा नं ७ खेवाङमा सामुदायिक स्वास्थ्य इकाई सञ्चालनमा ल्याउने व्यवस्था मिलाइनेछ।

(ड)यस गाउँपालिकामा रेविज रोगको जोखिम उच्च भएकोले गाउँपालिकाले रेविज विरुद्धको खोप यस गाउँपालिका क्षेत्रका नागरिकलाई प्राथमिक स्वास्थ्य केन्द्र, तेल्लोक मार्फत निःशुल्क खोपको व्यवस्था मिलाई रेविज मुक्त गाउँपालिका अभियान सञ्चालनलाई निरन्तरता दिइनेछ।

(ढ) वडा नं ६ मामांखेमा आर्थिक वर्ष २०८०।८१ मा निर्माण कार्य सुरुवात भएको वर्थिङ्ग सेन्टर सहितको स्वास्थ्य चौकी भवनलाई सम्पन्न गर्न आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

(ण) गाउँपालिकाको केन्द्र वरिपरि उपयुक्त स्थानमा व्यायम पार्क निर्माण कार्य अगाडी वढाइनेछ।

(त) "गाउँ सफा राखौं:स्वस्थ्य बनौं" नाराका साथ सिरीजङ्घा गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थान छनौट गरी वजार क्षेत्र, भिडभाड तथा घना वस्ति भएको स्थानमा सार्वजनिक शौचालय र फोहोर विसर्जन स्थान निर्माण गरिनेछ।

(थ) सिरीजङ्घा गाउँपालिकाको केन्द्र तेल्लोकमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमा कार्यक्रम संचालनको लागी आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

(द) गाउँपालिकाको भौगोलिक विकटताको आधारमा नि:शुल्क एम्बुलेन्स सेवा लाई थप विस्तार कार्य अगाडी बढाइनेछ ।

(ध) विभिन्न समयमा उपलब्ध गराउनु पर्ने पोषण कार्यक्रम, खोप कार्यक्रम, आमा सुरक्षा कार्यक्रम जस्ता आवश्यकीय कार्यक्रमहरु संचालन गरिनेछ ।

(न) युवा एवं बालबालिकाहरुमा बढ्दो नैराष्यता तथा आत्महत्याको घटनाहरुलाई निरुत्साहित गर्न मनोपरामर्श तथा योग ध्यान सम्बन्धि जनचेतना कार्यक्रम संचालन गरिनेछ ।

(ऩ) सुपोषित गाउँपालिका बनाउनको लागी पत्रु खाना, जंक फुडको प्रयोग घटाउने अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरु गरिनेछ ।

गाउँसभाका सदस्य ज्यूहरु:

## पुर्वाधार विकास तर्फ-

५३. निर्माणाधीनमा रहेको गाउँपालिकास्तरीय १० शैयाको आधारभूत अस्पताल भवन निर्माण कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरी संचालनमा ल्याइनेछ ।

५४. वडा नम्वर ४ तेल्लोकको घिमिरेखोला, वडा नम्वर ५, पेदाङको खोयाखोला र वडा नं ५ कै होक्मा याङ्पाङ जोड्ने कावेली खोलामा, वडा नम्वर ८, याम्फुदिनको कावेलीखोला (एकिम सामेथुङ टोल र लालीगुराँस टोल जोड्ने) मा झोलुङ्गे पुलमा गाउँपालकाको साझेदारी तर्फ आवश्यक वजेटको व्यवस्था गरिनेछ ।साथै पहिरोले क्षती पुर्याएको सिरीजङ्घा गाउँपालिका वडा नं ४ तापेजुङ्ग जाने लगायत अन्य वडाहरुमा रहेका झोलुङ्गे पुललाई यथाशिघ्र मर्मत गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५५. गाउँपालिकाको केन्द्रमा रहेको निर्माणाधीन तेल्लोक माध्यमिक विद्यालयको भवन सुदृढिकरण गर्नका लागि नेपाल सरकारको विशेष अनुदान मार्फत वहुतले भवन निर्माण कार्यलाई आगामी आर्थिक वर्ष २०८१।८२ मा सम्पन्न गरि हस्तान्तरण गरिनेछ।

Scanned with CamScanner

Scanned with CamScanner

५६. बडा दशैं तथा शुभ दिपावलीको अवसरमा कार्य सम्पन्न हुने गरि हरेक वडा अन्तर्गत रहेका स्थानीय सडकहरुको मर्मत संभार गर्नको लागि रु.५ लाख वरावरको बजेट बिनियोजन गरिनेछ ।

५७. सडक पूर्वाधारको उचित संरक्षण, मर्मत सम्भार र सुरक्षा गर्नका निम्ति सडक हेरालुको व्यवस्था आर्थिक वर्षको तेस्रो त्रैमासिक पश्चात निरन्तरता दिइनेछ ।

५८. पूर्वाधार विकास निर्माणका वहुवर्षे योजना बाहेकका अन्य बार्षिक आयोजना तथा कार्यक्रमहरुलाई भाद्र महिनावाट शुरु गरी वैशाख मसान्त भित्र सम्पन्न हुने गरी असारे विकास प्रवृतिको अन्त्य गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ।

५९. सिरीजङ्घा गाउँपालिकामा पालिका सडक गुरु योजना MTMP बाट स्वीकृत भए वमोजिमका सडकहरू मात्र बिस्तार गर्ने कार्यलाई निरन्तरता प्रादन गरिनेछ । यसरी सञ्चालन हुने विकास योजनाहरुलाई दिगो विकासका सूचकहरुसँग तादम्यता हुने गरी साथै अति आवश्यक पर्ने ठूला सडक आयोजनाहरुलाई बहुवर्षे ठेक्का बन्दोबस्त मार्फत सम्पन्न गर्ने कार्य अगाडि बढाइनेछ ।

६०. गाउँपालिकाको सबै वडाहरुमा घर नक्सा पास तथा घर अभिलेखिकरण कार्य अगाडी वढाईनेछ । यसका लागि गाउँपालिकाको पूर्वाधार विकास शाखा अन्तर्गत नापी शाखा,घर नक्सा पास तथा अभिलेखिकरण सम्वन्धि ऐन,नियमावली समेत तयार गरिनेछ ।

६१. बिस्तृत परियोजना प्रतिवेदन तयार गरी सञ्चालन गर्नुपर्ने गाउँपालिका क्षेत्रभित्रका आयोजनाहरुको प्रतिवेदन तयारीमा गाउँपालिकामा कार्यरत जनशक्तिलाई थप प्रोत्साहन दिई कार्यालय समय बाहेकको समय र सार्वजनिक बिदाको दिनमा समेत आवश्यकता अनुसार परिचालन गर्ने व्यवस्था मिलाईनेछ । प्रतिवेदन तयारीमा कुनै बिशेष प्रकृतिको प्राविधिक जनशक्ति आवश्यक पर्ने भएमा सेवा परामर्श जनशक्तिको व्यवस्था गरी बिस्तृत परियोजना प्रतिवेदन तयार गर्नेसम्मको व्यवस्था मिलाईनेछ।

६२. आगामी आर्थिक वर्षमा कञ्चनजङ्घा लोकमार्ग अन्तर्गत वडा नं ६ मामाङ्खेको खाक्सेवा खोलामा मोटरेबल पुल निर्माणको कार्यलाई अगाडी बढाइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

६३. विकास निर्माणका कार्यहरुको अनुगमन तथा मुल्याङ्कनमा एकरूपता ल्याउनका निम्ति प्रत्येक हप्ताको चार दिन पूर्वाधार शाखाका कार्यालयीय कार्यसम्पादन गर्ने र अन्तिम २ दिन बिहिबार र शुक्रबार लाई अनुगमनको दिन तोकि अनुगमन मुल्याङ्कन मार्फत हुने सेवा प्रवाहमा एकरूपता ल्याउने नीतिलाई निरन्तरता दिइनेछ।

६४. "समृद्धिको आधार आधुनिक भौतिक पूर्वाधार" नाराका साथ गाउँपालिकाबाट निर्माण हुने भवन तथा सहरी विकास, पक्की बाटो लगायत ढलानका कार्यहरुको गुणस्तरियता परिक्षण गर्नको लागि गाउँपालिकाको पूर्वाधार विकास शाखालाई थप सुधार गर्न आधुनिक प्रविधियुक्त ल्याब परिक्षण सहितको छुट्टै शाखा रहने गरी भवन निर्माणको लागी आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

६५. पूर्वाधार विकास कार्यक्रम अन्तर्गत संचालन हुने आयोजनाहरुमा टोल विकास संस्थाहरु,स्थायी प्रकृतिका समितिहरुबाट हुन नसक्ने रु.१० लाख सम्मका जटिल प्रकृतिका योजनाहरुमा अनिवार्य रुपमा ठेक्का बन्दोबस्त गरी संचालन गरिने तथा ठेक्का बन्दोबस्त हुन नसकेका आयोजनाहरुलाई सोझै खरिद अन्तर्गत सार्वजनिक सूचना प्रकासन गरी प्रतिष्पर्धाको आधारमा संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६६. पूर्वाधार विकास कार्यक्रम अन्तर्गत संचालन हुने १० लाख भन्दा माथिका आयोजनाहरुको गुणस्तरियता परिक्षण एवं गुनासो सम्बोधन,बिल सार्वजनिकीरणको लागी निर्माण कार्य सम्पन्न भएपश्चात भुक्तानीको लागी पेश भए पश्चात कम्तिमा ३ दिनको समयावधि प्रदान गरि दाविबिरोधको सूचना प्रकासन गरेरमात्र भुक्तानी व्यवस्था मिलाइने छ ।

६७. भवन तथा सहरी विकास,ग्रामिण सडक तथा पुल,सिँचाई तथा खानेपानी,बाढि पहिरो तथा आगोलागी जस्ता संरचना, आयोजना, विपद्हरुलाई सम्बोधन गर्न मर्मत संभार कोषमा उचित रकम विनियोजन गरिनेछ ।

६८. सिरीजङ्घा गाउँपालिका, सरकारी विद्यालय एवं संघ संस्थाहरुलाई आवश्यक पर्ने जग्गाहरुको व्यवस्थापन गर्न अधिग्रहणको प्रकृया अगाडी बढाइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

६९. सिरीजङ्गा गाउँपालिकाको केन्द्र तेल्लोकमा रहेको खानेपानी समस्या समाधानको लागी बिस्तृत परियोजना प्रस्ताव तयार गरी "एक घर एक धारा"कार्यक्रमलाई अगाडी बढाइने छ।

## वन वातावरण तथा विपद व्यवस्थापन तर्फ

७०. गाउँपालिकाभित्र प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट सर्वसाधारणको जीऊ ज्यान,सार्वजनिक, निजी,व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप व्यवस्थापन कोषमा उपयुक्त रकम विनियोजन गरिनेछ।

७१. विपद् व्यवस्थापन कोषबाट विशेष गरी मनसुन जन्य विपदहरु(बाढी पहिरो, आगोलागि,सुख्खा खडेरी) बाट हुने क्षतिलाई राहत र पुर्नस्थापना कार्यको लागि रकम खर्च गर्ने नीति लिइनेछ ।साथै विपद् बाट भएको क्षतिको तुरुन्त तथ्यांक र अवस्था पहिचान गर्न सूचना प्रविधि अन्तर्गत ड्रोन लगायतका अन्य सामाग्रीहरुको व्यवस्थापन गर्न वजेट व्यवस्था गरिनेछ।

७२. चटयाङ्गबाट हुने क्षतिलाई न्यूनीकरण गर्नका लागि उच्चतम जोखिम युक्त क्षेत्र पहिचान गरी आवश्यकता अनुसार चटयाङ्ग निषेध गर्ने उपकरण जडान गरिने नीति अवलम्वन गरिनेछ।

७३. **"विपद बाजा बजाएर आउँदैन,सतर्कता अपनाउनु पर्छ" भन्ने नाराका साथ** विपद् सम्वन्धि सचेतना कार्यक्रम संचालन गरिनेछ, यसका लागि गाउँपालिकामा रहेका प्रहरी चौकीहरु, जिल्ला स्थित विपद् समितिहरुसँग सहकार्य एवं प्रहरी चौकीहरु र गाउँपालिकाको सुरक्षा जनशक्ति लाई विपदको समयमा आवश्यक पर्ने सामाग्रीहरुको उचित प्रवन्द्ध गरी नियमित रुपमा अनुगमन गर्ने नीति लिइनेछ ।

७४. गाउँपालिका क्षेत्र भित्र विपतबाट प्रवाभित घर परिवारहरुलाई एक द्वार प्रणालिवाट राहत उपलब्ध गराईने व्यवस्था मिलाईनेछ ।

७५. विपद् व्यवस्थापन गर्नको लागी Rapid Response Team(RRT) र Community Rapid Response Team(CRRT) गठन गरि कार्य अगाडी बढाइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

७६. गाउँपालिका क्षेत्रभित्र निजी एवम् सामुदायिक वनमा भैरहेको तीव्र वन फडानीलाई रोक्न स्थानीय समुदाय समेतको परिचालन गरिनेछ। यसका लागि सम्वन्धित क्षेत्रभित्रको टोल विकास संस्थाले रुख कटानको प्रारम्भिक सिफारिस गरी सम्बन्धित वडामा पठाउने र वडाले यसरी प्राप्त सिफारिस उपर आवश्यक जाँचवुझ गरी कटान सिफारिसका लागि गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने व्यवस्था मिलाइनेछ। कार्यालयको सिफारिसमा डिभिजन वन कार्यालयबाट कटान अनुमतीमा उल्लिखित संख्या एवम् प्रजाति वमोजिमका रुख काटे/नकाटेको अनुगमन गर्न सम्वन्धित क्षेत्रभित्रका टोल विकास संस्थालाई परिचालित गरिनेछ। अनुगमन गरे वापत् टोल क्षेत्रभित्रमा वृक्षारोपण अभियान सञ्चालन गर्न रुख कटान सिफारिस दस्तुर वापत् संकलन भएको राजस्व रकमबाट सम्वन्धित टोल विकास संस्था एवं सुरक्षाका संयन्त्रहरुलाई संकलन भएको राजश्व रकमको अधिकतम् २५% सम्म उचित पुरस्कार प्रदान गर्ने नीति अवलम्बन गरिनेछ ।

७७. सम्भावित पहिरो एवम् भुक्ष्यको जोखिमलाई मध्यनजर गर्दै रुख कटान अनुमती प्राप्त व्यक्ति वा संस्थाले नियमानुसार कटान गरिएका रुख निकासीका लागि निर्माण गर्ने सडक गाउँपालिकाको पुर्वाधार विकास शाखावाट अनुमती लिएर मात्र निर्माण गर्ने/गराउने व्यवस्था मिलाइनेछ साथै गोलिया निकासीका लागि जेठ मसान्तदेखी असोज १ गते सम्म गाउँपालिकाको वाटो प्रयोगलाई पूर्ण रुपमा निशेध गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

७८. वातावरणीय अध्ययन प्रतिवेदनले औंल्याएको स्थानबाट मात्र नदीजन्य सामाग्री उत्खनन गर्ने/गराउने व्यवस्थालाई कडाईका साथ अवलम्वन गरिनेछ। जल उत्पन्न प्रकोपवाट हुने क्षतीलाई न्यूनीकरण गर्न अवैध नदी उत्खननलाई निरुत्साहित गरिनेछ ।यसका लागि गाउँपालिकाको सुरक्षा संयन्त्रको परिचालन गरिनेछ ।

७९. जलाधार क्षेत्रको संरक्षण र वातावरण संरक्षणको लागि आवश्यकता अनुसार तथा वातावरण दिवश (जुन ५) को अवसर पारेर वृहत वृक्षारोपण कार्यक्रम अन्तर्गत Green लाई वचाउने (वन जंगल,जडिवुटि) अभियान सञ्चालन गरिनेछ ।

८०. गाउँपालिकाले आगामी आर्थिक वर्पमा तथा यस अघिका आर्थिक वर्षहरुमा अनुदान र साझेदारीमा वितरण गरेका कृषिजन्य सामाग्रीको अवस्थावारे अनुगमन

Scanned with CamScanner

Scanned with CamScanner

गर्नको लागि यसै गाउँपालिकाको छात्रबृत्तिमा अध्ययन गरी सकेका कृषि तथा पशु प्राविधिकहरुलाई TOR तयार गरि श्रोतको महत्तम परिचालन भए/नभएको अवस्थामाको मूल्यांकन गरिनेछ ।

८१. खोला, खोल्सामा बिस हाल्ने करेन्ट लगाउने महाजालको प्रयोग गर्ने वनमा नियतबस डढेलो लगाउने जस्ता कार्यहरु गर्नेलाई आवश्यक कार्यविधि निर्माण गरि कडा दण्ड जरिवाना गरिनेछ ।

**संस्थागत विकास तर्फ**

८२. नँया निर्माणको अन्तिम चरणमा रहेका वडा कार्यालयहरु ५,६,७,८ को प्रशासकीय भवनमा "सेवा ग्राही मैत्री सेवा प्रवाह" को अवधारणामा सेवाग्राहीमैत्री कक्षको व्यवस्था मिलाइनेछ साथै २ नं र ३ नं वडा कार्यालयलाई स्तरउन्नति गरी अन्य वडा कार्यालय सरह सुविधायुक्त बनाउने नीति लिइनेछ ।

८३. "कार्यालयको काम अह्राएर मात्र होइन, मन पराएर पनि गर्ने" संस्कार बसाउन गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालय र स्वास्थ्य संस्थाहरु मध्येबाट एक आर्थिक वर्षभरीमा उत्कृष्ट र रचनात्मक कार्यसम्पादन गर्ने एकजना सर्वोत्कृष्ट र उत्कृष्ट कर्मचारी छनौट गरि नगद पुरस्कार सहित पुरस्कृत गरिनेछ ।

८४. आगामी आर्थिक वर्षमा गाउँपालिका अन्तर्गत स्वीकृत दरवन्दी अनुसारका कर्मचारीहरु पदपुर्ति गर्ने तर्फ कार्य अगाडी बढाइनेछ ।

८५. आगामी आर्थिक वर्षमा गाउँपालिकाको सुरक्षात्मक कार्य गर्न, अनुगमन एवं सिरीजङ्गा गाउँपालिकामा हुने विपद्का घटनाबाट समस्या परेका नागरिकहरुलाई उद्दार तथा सहयोग हुने गरी प्रादेशिक एवं प्रचलित कानून अनुसार उचित संख्यामा गाउँ/नगर प्रहरीहरुको आवश्यक संख्यामा व्यवस्था मिलाइनेछ ।

८६. गाउँपालिका एवं वडा कार्यालयहरुलाई यातायतको सुविधा प्रदान गर्नको लागि आवश्यकता अनुसार यातायतका साधनहरुको उचित प्रवन्द्ध मिलाइनेछ ।

८७. "बैंकको जस्तो सेवा तथा होटलको जस्तो आतिथ्यता" नीति अनुसार गाउँपालिका केन्द्र तेल्लोकको कार्यालयमा सेवा लिन आउने सेवाग्राहीलाई सहायता गर्नको लागि आवश्यक जनशक्ति एवं सोधपुछ कक्षको स्थापना गरी सोही अनुरुप सेवा संचालन गरिनेछ ।यसै अन्तर्गत कर्मचारीहरुलाई सेवा प्रवाहमा प्रतिवद्ध

Scanned with CamScanner

Scanned with CamScanner

बनाउनको लागि आवश्यकता अनुसार प्रोत्साहनको भत्ताको नीति तथा थप जनशक्तिको समेत व्यवस्था गरिनेछ ।

८८. गाउँपालिका क्षेत्रभित्रको विकास निर्माण तथा सेवा प्रवाहको विषयलाई समेटेर अर्ध-वार्षिक रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८९. गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकासमा स्थानीय नागरिकहरुको संलग्नता गराउने गरी "सिरीजङ्घाका टोल, विकासका खोल" नामक अभियान कार्यान्वयन गर्न गाउँपालिका क्षेत्रभित्रका ७२ वटै टोल विकास संस्थाका नँया पदाधिकारीहरुलाई आगामी आ.व.२०८१।८२ मा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ।साथै गाउँपालिका क्षेत्रभित्रको सर्वाङ्गीण विकास प्रकृयामा सबै वडा अन्तर्गत रहेका टोलविकास संस्थाहरु बाट सम्पन्न भएका पूर्वाधार निर्माण तथा सामाजिक जागरणका कार्यहरुमा उत्कृष्ठ कार्य गर्ने टोलविकास संस्थाहरुलाई वडा र गाउँपालिका स्तरिय नगद अनुदान सहित पुरस्कृत गर्ने व्यवस्था गरिनेछ।

९०. आन्तरिक राजश्वको क्षेत्रमा सुधार ल्याउनका निम्ति राजश्व प्रासिका नयाँ क्षेत्रहरु पहिचान गरि सम्पुर्ण वडा सचिब र जनप्रतिनिधिहरूलाई तालिमको व्यवस्था गरी राजश्व संकलन गर्न सम्पूर्ण वडाहरुमा SUTRA मा आधारित Revenue model मार्फत अनलाइन कर संकलन कार्यलाई थप सुधार गरिनेछ। गाउँपालिकामा वडा कार्यालयवाट पेश हुन आउने प्रत्येक सिफारिसमा नगदी रसिद वा भौचर अनिवार्य रूपमा साथमा राखुपर्ने व्यवस्था लाई निरन्तरता दिइनेछ ।

९१. गाउँपालिकाको निकासी कर संकलन कार्यलाई अभिवृद्धि/प्रभावकारी बनाउन गाउँपालिकाको विभिन्न स्थानहरुलाई नाकाको रुपमा पहिचान गरी उक्त स्थानमा राजश्व संकलन केन्द्र स्थापना गर्दै गाउँपालिकको राजश्व शाखा तथा सुरक्षा जनशक्ति परिचालन गरिनेछ ।

९२. समपूरक कोषमा विनियोजित बजेटवाट नेपाल सरकार, प्रदेश सरकार, लगायतका अन्य निकायसँग साझेदारीमा सञ्चालन गरिने भनी प्रतिवद्वता जनाइएका एवम् गाउँपालिका तथा वडास्तरीय आयोजनाको लागत अनुमानमा उल्लेख भएको रकममा नपूग हुन आउने रकम थप गरी आयोजना तथा कार्यक्रम सञ्चालनको

Scanned with CamScanner

Scanned with CamScanner

व्यवस्था मिलाइनेछ। यस आर्थिक वर्षको अन्त्यमा खर्च हुन नसकी वाँकी रहन आउने वास्तविक वैंक मौज्दातको रकम (आन्तरिक आय) लाई हिँउदे अधिवेशन मार्फत वजेट विनियोजन गरी कार्यान्वयनमा लगिनेछ।

९३. "गरौं मिलाप, नगरौं विलाप" अभियान कार्यान्वयन गर्न न्यायिक समितिलाई थप संस्थागत गर्ने व्यवस्था मिलाईनेछ ।

क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रहि न्यायिक समितिमा पर्न आउने सवै विवादहरुको कानुन सम्मत र सहज न्यायिक निरुपण गरी स्थानीयवासीलाई न्यायको अनुभुति दिलाईनेछ ।

ख) प्रत्येक वडामा आउने विवादहरुलाई मेलमिलापको माध्यमवाट विवाद निरुपण गर्नको लागि ८ वटै वडामा मेलमिलाप केन्द्र गठन गरी न्यायिक प्रकृया अगाडी वढाईनेछ ।

ग) प्रत्येक वडामा रहने मेलमिलाप केन्द्रदेखि नै सरल र गुणस्तरिय न्याय सेवा प्रदान गरी न्यायमा सवैको पहुँच स्थापना गराउन मेलमिलापकर्ताहरुलाई पुनर्ताजगी तालिम सञ्चालन गरी उजुरी परेका विवादहरुलाई मेलमिलापको माध्यमवाट निरुपण गर्न सक्षम वनाईनेछ।

घ) गाउँपालिका क्षेत्रभित्रका स्थानीयवासीहरुलाई न्यायमा पहुँच वढाउनको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९४. गाउँपालिका क्षेत्रभित्र क्रियाशील गैरसरकारी संघ/संस्थाहरुको वार्षिक योजना, कार्यक्रम तथा वजेट गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउने व्यवस्थालाई कडाइका साथ लागू गरिनेछ। गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा वजेटमा समावेश नगराई कार्यक्रम सञ्चालन गर्ने गैरसरकारी संघ/संस्थाहरुको कार्यक्रम सञ्चालनमा रोकसम्म लगाउन सकिने गरीको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९५. वित्तीय सुशासन कायम गर्न सिरीजङ्घा गाउँपालिकाको नाममा रहेको आर्थिक वर्ष २०७३।७४ देखि हाल सम्मको वेरुजु रकम फस्यौट गर्नको लागि कार्य समिति निर्माण गरी वेरुजु रकमलाई रुजु गर्न आवश्यक कार्य अगाडी बढाइनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

९६. पञ्जीकरणलाई सञ्जालीकृत गर्नका निम्ति आवश्यक संस्थागत सुदृढीकरण गरिनेछ ।पञ्जिकरण कार्यलाई प्रविधि मैत्री वनाउन सम्वन्धित विभागवाट भएका परिपत्रहरुलाई क्रमश कार्यान्वयनमा अगाडी वढाइने छ साथै घटनादर्ता सप्ताह कार्यक्रम वृहत रुपमा संचालन,विधुतीय अभिलेख नभएका विवरणहरुलाई अभियानको रुपमा संचालन गरी सम्पूर्ण विवरणहरुलाई Digital Record रहने व्यवस्था मिलाइनेछ।

९७. चालू खर्चलाई वान्छित सिमा भित्र राखी खर्च प्रणालीलाई मितव्ययी वनाउका लागि कार्यालय सञ्चालनको क्रममा आवश्यक पर्ने विविध शिर्षकमा हुने खर्च कार्यसञ्चालन निर्देशिका अनुरुप गरिनेछ।

९८. राजश्वको सम्भाव्यता अध्ययन कर संकलनमा वृद्धि ,करदाता शिक्षा र कार्यालयको अन्य विभिन्न कार्यहरुमा नागरिकलाई सहज हुने गरी सवै वडाहरुलाइ आगामी आर्थिक वर्षमा वृहत एकीकृत घुम्ति शिविर संचालनमा ल्याइनेछ ।

९९. प्राकृतिक स्रोतबाट प्राप्त हुने आयलाई आयकर ऐन, २०५८ को दफा ८८ वमोजिम संकलन र करकट्टीको व्यवस्था मिलाईनेछ। कर लाग्ने मुल्यमा अनिवार्य अग्रीम आयकर २० हजार माथिको अनिवार्य vat र प्राकृतिक स्रोतबाट प्राप्त हुने आम्दानीको हक (कानूनी आधार) र टोल विकास संस्थाहरुले संचालन गर्ने विकास निर्माणका कार्यहरुमा वाहेक जुनसुकै पनि हस्तलिखित भरपाईमा १५% पारिश्रमिक कर,टोल विकास संस्थाहरुको लागि २.५% राजश्व रकम कट्टी गरिनेछ। संघीय सरकारको नीति तथा कार्यक्रम सँग तादमत्यता हुने गरी गाउँपालिकाबाट हुने भुक्तानीमा PAN र VAT मा आधारित भुक्तानी गरिनेछ।

१००. सम्पूर्ण नागरिकहरुलाई करको दायरामा ल्याउनको लागि यस गाउँपालिकाबाट हुने भुक्तानीहरुमा अनिवार्यरुपमा PAN नम्बर प्राप्त गर्ने/गराउने कार्यलाई आवश्यक पहल गरिनेछ ।

१०१. "सेवा लिने घरघरबाट, सरकारी काम प्रविधिबाट" भन्ने नाराका साथ राजश्व भुक्तानी कार्यलाई सरल, सहज र पारदर्शी बनाउन सम्भव भए सम्म घरमै बसी राजश्व तिर्न सक्ने अनलाईन प्रणाणीको व्यवस्था मिलाईनेछ ।

Scanned with CamScanner

Scanned with CamScanner

१०२. समयमै सवै कर बुझाई राजश्व असूलीमा सहयोग पुर्याउने उत्कृष्ट करदाता छनौट गरी सम्मान गरिनेछ साथै करदाताहरुलाई कर सम्वन्धी आवश्यक जानकारी प्रदान गर्ने उदेश्यले विभिन्न निकायहरुसँग समन्वय गरी करदाता शिक्षा अभियान संचालन गरिनेछ ।

१०३. आगामी आर्थिक वर्ष २०८१।०८२ मा संकलन हुने आन्तरिक स्रोतको राजश्वलाई आधार मानि (हरेक त्रैमासिकको मूल्यांकनवाट) वडाहरुवाट लक्ष्य भन्दा धेरै राजश्व संकलन गर्ने १ वटा वडालाई नगद पुरस्कार सहित उत्कृष्ठ वडा घोषणा गरि सम्मान गरिनेछ ।

१०४. लामो समयदेखि गाउँपालिकामा कर वुझाउन वाँकी करदाताहरुलाई एकमुष्ट कर बुझाई संस्था व्यवसाय नविकरण गरेमा विषेश छुट दिने नीति ल्याईनेछ ।

१०५. सिरीजङ्घा गाउँपालिकाको खवर आम गाउँपालिका वासीहरुमा सहज रुपमा प्रवाह गर्न संचार माध्यमसँग सहकार्य गर्ने नीति लिइनेछ ।

१०६. गाउँपालिकाको समग्र वस्तुस्थितिको अध्ययन तथा अभिलेख राख्न Village Profile श्रव्य दृष्य सहितको तयार गरिनेछ ।

आवश्यक सल्लाह सुझाव/प्रतिकृया उपलब्ध गराइदिनु होला यहाँहरुको समयको लागी सम्पूर्ण सभाका सदस्य ज्यूहरुलाई धन्यवाद दिन्छु ।

Scanned with CamScanner

Scanned with CamScanner